ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लि.
Global IME Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रियस्तर कार्यक्षेत्र भएको)

च. नं. १०१४/२०७८/०७९
मिति : २०७८/०८/०३

**श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड**
**सिंहदरवारप्लाजा, काठमाण्डौ ।**

**बिषय : बार्षिक साधारण सभाको जानकारी सम्बन्धमा ।**

महाशयं,

उपरोक्त सम्बन्धमा ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेडको संचालक समितिको २०७८ साल मंसिर ०३ गते बसेको १४६ औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको ९ औं साधारण सभा मिति २०७८ साल मंसिर २८ गते मंगलबार (तद्नुसार १४ डिसेम्बर, २०२१) बिहान १०:०० बजे होटल पोखरा ग्राण्ड, पोखरा-१७ पार्दि, कास्कीमा बस्ने भएको हुँदा शेयरधनिहरुको जानकारीको लागि मिति २०७८/०८/०५ गतेको कारोबार दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरिने र सो प्रकाशन गरिने सूचनाको मस्यौदा एक प्रति यसै साथ संलग्न राखि पेश गरेको ब्यहोरा जानकारीका लागि अनुरोध छ ।

भवदीय,

..................
(हरिकृष्ण जोशी)
कम्पनि सचिव/प्रमुख कार्यकारी अधिकृत

**ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लि.**
**Global IME Laghubitta Bittiya Sanstha Ltd.**
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रियस्तर कार्यक्षेत्र भएको)

**केन्द्रीय कार्यालय**
पोखरा-२६, विजयपुर, कास्की
फोन : ०६१-४११४३८, ४११४३९


# नवौं वार्षिक साधारण सभा सम्बन्धी सूचना


(प्रथम पटक प्रकाशित मिति २०७८/०८/०५, कारोबार दैनिक)


आदरणीय शेयरधनी महानुभावहरु,

यस ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७८/०८/०३ गते बसेको सञ्चालक समितिको १४६ औं बैठकको निर्णयानुसार वित्तीय संस्थाको नवौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा तपसिलका विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान**

मिति : २०७८ साल मंसिर २८ गते मंगलवार (तदनुसार १४ डिसेम्वर, २०२१)
समय : विहानको ठीक १०:०० बजे
स्थान : Hotel Pokhara Grande, Pokhara-17, Pardi

**छलफलका विषयहरु :**

**(क) साधारण प्रस्तावहरु**

१. आर्थिक वर्ष २०७७/०७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७७/०७८ को आषाढ मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब, इक्विटीमा भएको परिवर्तन तथा सोही अवधिको नगद प्रवाह विवरण र लेखा सम्बन्धी नीतिहरु तत् सम्बन्धी अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०७८/०७९ को वाह्य लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. वित्तीय संस्थाको संस्थापक समूह (समूह क) अन्तर्गतको ग्लोबल आइएमई बैंक लि.बाट प्रतिनिधित्व गर्ने सञ्चालकहरु सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरु**

१. सञ्चालक समितिले सिफारिस गरे बमोजिम वित्तीय संस्थाको आ.व.२०७७/०७८ आषाढ मसान्तसम्मको वितरण योग्य मुनाफाबाट कुल चुक्ता पूँजी रु.४३,१७,१०,४११।- (अक्षरेपि त्रिचालीस करोड सत्र लाख दश हजार चार सय एघार रुपैयाँ मात्र) को २८ प्रतिशतले हुने बोनस शेयर रकम रु.१२,०८,७८,९१५।- (अक्षरेपि बाह्र करोड आठ लाख अठहत्तर हजार नौ सय पन्ध्र रुपैयाँ मात्र) बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव स्वीकृत गर्ने । साथै, बोनस शेयर जारी गर्दा दशमलब पछिको शेयर अंङ्कलाई पछि समायोजन गर्ने गरी यथावत राख्ने ।
२. वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ मा भएको पूँजी संरचना सम्बन्धी व्यवस्थाको खण्ड (ख) र (ग) मा भएको कम्पनीको चुक्ता पूँजी तथा जारी पूँजी वृद्धि गर्ने ।
३. वित्तीय संस्थाको नियमावलीमा भएको नियम ३२ को उपनियम १ को खण्ड (ख) को (क) मा भएको सञ्चालकहरुको भत्ता तथा सुविधामा वृद्धि गर्ने ।
४. नेपाल राष्ट्र बैंकको स्वीकृति लिई डिजिटल बैंकिङ्ग सम्बन्धी कार्यहरु गर्न प्रबन्धपत्रको दफा ५ मा खण्ड (न) थप गर्ने ।
५. संस्थाले एक वा एकभन्दा वढी उपयुक्त लघु वित्तीय संस्थाहरु गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने प्रयोजनका लागि उपयुक्त लघु वित्तीय संस्थाहरु पहिचान गर्ने, समझदारीपत्रमा हस्ताक्षर गर्ने र सो का आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वहरुको मूल्याङ्कन गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता नियुक्ति गर्ने लगायतका आवश्यक कार्यहरु गर्न गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।
६. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने वा परिमार्जन गर्ने वा फेरबदल गर्ने वा थप गर्ने क्रममा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक लगायतका नियामक निकायहरुबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन गर्न वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव प्राप्त भएमा सो सम्बन्धी संशोधन कार्य गर्न सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी थप जानकारी

१. यस साधारण सभा तथा लाभांश प्रयोजनका लागि यस वित्तीय संस्थाको शेयर दाखिला मिति २०७८/८/१४ गते १ दिन शेयर दर्ता किताव बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा बुक क्लोज भन्दा अगाडिको दिनसम्म कारोवार भई नियमानुसार यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटल लि. नक्साल, काठमाण्डौमा नामसारीको लागि प्राप्त शेयर नामसारीको लिखतको शेयरधनी किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन, वोनस शेयर तथा नगद लाभांश पाउने छन् ।
२. वार्षिक साधारण सभाको सूचना, प्रोक्सी फारम तथा कागजातहरू सबै शेयरधनी महानुभावहरूको लागि यस संस्थाको वेवसाइट http://www.gilb.com.np बाट पनि हेर्न र प्राप्त गर्न सकिनेछ । साधारण सभामा भाग लिन आउदा आफनो परिचय खुल्ने सक्कल परिचय पत्र साथमा लिई सभामा आउनुहुन अनुरोध छ ।
३. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा हुने स्थानमा उपस्थित भै त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका साधारण सभा हुने दिनको विहान ९.०० बजेदेखि खुल्ला रहनेछ ।
४. कुनै शेयरधनी सभामा स्वयं उपस्थित हुन नसक्ने भएमा सभामा भाग लिन वा मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी फाराम) भरी संस्थाको रजिष्ट्रार कार्यालय पोखरा, कास्कीमा सभा शुरु हुनुभन्दा कम्तिमा ४८ घण्टा अगाडि निवेदन दर्ता गरि सक्नुपर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरिएको व्यक्ति यस संस्थाको शेयरधनी हुनु आवश्यक छ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेका शेयरधनीहरु आफैं सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गरेको खण्डमा अघि दिइएको प्रोक्सी बदर हुनेछ ।
५. नाबालक वा विक्षिप्त शेयरधनीहरुको तर्फबाट संरक्षक स्वयंमले सभामा भाग लिन पाउनेछ । शेयरधनीको लगत किताबमा संरक्षकको रुपमा नाम उल्लेख भएको व्यक्तिलाई मात्र संरक्षकको रुपमा मान्यता दिइनेछ ।
६. कम्पनी ऐन, २०६३ अनुसारको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिबेदन, लेखापरीक्षण प्रतिवेदन शेयरधनीहरुले निरिक्षण वा प्राप्त गर्न चाहानुभएमा यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय पोखरा महानगरपालिका वडा नं.–२६, विजयपुर, कास्कीको साधारण सभाको सचिवालय, साधारण सभा स्थलबाट र संस्थाको वेभसाइट http://www.gilb.com.np बाट पनि हेर्न सक्नुहुनेछ ।
७. शेयरधनीबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले व्यक्तिगत वा सामूहिक रुपमा उत्तर दिन सकनेछन् ।
८. कोरोना महामारीको कारणले पर्नसक्ने सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न नेपाल सरकारले निर्देशन गरे बमोजिमको मापदण्डहरुको अनिवार्य रुपमा पालना गरी साधारण सभामा उपस्थित हुन सम्पूर्ण शेयरधनी महानुभावहरुमा हार्दिक अनुरोध छ ।
९. छलफलको विषय मध्ये विविध शीर्षक अन्तर्गत कुनै विषयमा साधारण सभामा छलफल गर्नुपर्ने भए इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ दिन अगावै सो विषयमा कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रूपमा जानकारी दिनुहुन अनुरोध छ ।
१०. थप जानकारीका लागि संस्थाको केन्द्रीय कार्यालय पोखरा, विजयपुर, कास्कीमा कार्यालय समय भित्र सम्पर्क राख्नुहुन अनुरोध छ ।

Global IME Laghubitta Bittiya Sanstha Ltd. ★